# अनुसूची – १

## माइक्रो ब्रुअरी सहितको रेष्टुरेण्ट उद्योग स्थापना गर्ने सम्बन्धी मापदण्ड

**१. माइक्रोब्रुअरीको परिभाषाः**

माइक्रोब्रुअरी भन्नाले कम्तीमा २०० सिट क्षमताको रेष्टुरेन्टको अभिन्न अंगको रुपमा वार्षिक ३००० हेक्टोलिटर सम्म वियर उत्पादन गरी आफ्नै रेष्टुरेन्टमा मात्र उपभोग गर्ने उद्योगलाई जनाउँनेछ ।

**२. रेष्टुरेण्ट छनौटका आधारहरु**

(क)कम्तिमा २०० सिट क्षमताको रेष्टुरेण्ट हुनु पर्ने छ र यस्तो माइक्रोब्रुअरीमा ३,००० हेक्टोलिटरसम्म बियर उत्पादन गर्न सक्ने छ ।

(ख)रेष्टुरेण्ट सञ्चालनको लागि सम्बन्धित नियमक निकायबाट अनुमति लिएको हुनुपर्ने छ।

(ग) रेष्टुरेन्ट सहितको माइक्रोब्रुअरीको रेष्टुरेन्टको क्षेत्रफल २,४०० वर्ग फिट (न्यूनतम), Brew हाउसको क्षेत्रफल १,२०० वर्ग फिट तथा युटिलिटीजको लागि ९०० वर्ग फिट न्युनतम क्षेत्रफल हुनु पर्ने छ।

(घ) रेष्टुरेन्ट सहितको माईक्रो ब्रुअरीबाट उत्पन्न हुने सबै प्रकारका फोहरको वातावरण मैत्री बिसर्जन गर्ने ब्यबस्था हुनु पर्ने छ ।

**३. माइक्रोब्रुअरीबाट उत्पादित वस्तुको गुणस्तर नियन्त्रणः**

माइक्रो ब्रुअरीको निम्नुसारका भौतिक संरचना एवम् गुणस्तर नियन्त्रणको लागी प्राविधिक पक्ष पुरा गरेको हुनुपर्ने ।

(क) माइक्रो ब्रुअरीबाट उत्पादन हुने बियरमा अल्कोहलको मात्रा अधिकतम ६% सम्म हुनु पर्नेछ ।

(ख) माइक्रो ब्रुअरी पक्की भवन (RCC Building) मा स्थापना हुनु पर्नेछ ।

(ग) कच्चा पदार्थ भण्डारण, उत्पादन क्षेत्र तथा उत्पादित वस्तुको भण्डारण छुट्टा छुट्टै स्थापना गरिने व्यवस्था मिलाएको हुनु पर्ने ।

(घ) Certified Malt को मात्र प्रयोग गर्नु पर्नेछ। नेपाली Malt को प्रयोग हुने भएमा उत्पादकको गुणस्तरीय Malt उत्पादनको प्रमाण पत्र भएको हुनु पर्नेछ ।

(ङ) Clean in Place (CIP) Facility तथा प्रयोगशालाको व्यवस्था भएको हुनु पर्नेछ ।

(च) माइक्रोब्रुअरीमा प्रयोग हुने Tank एवम् Pipeline Stainless Steel को हुनु पर्नेछ ।

(छ) माइक्रो ब्रुअरीमा प्रयोग हुने Boiler ले इन्धनका रुपमा Electricity मात्रै प्रयोग गर्नु पर्ने छ ।

(ज) माइक्रो ब्रुअरीले उत्पादनमा प्रयोग गर्ने पानी खाध्य तथा गुण नियन्त्रण बिभाग (DFTQC) ले तोकिएको खानेपानीको मापदण्ड अनुरुपको पानीको चारित्रिक गुण हुनु पर्नेछ ।

(झ) उत्पादित बियरको चारित्रिक गुण ने.गु. २३ को गुणस्तर मापदण्ड अनुरुपको हुनु पर्नेछ ।

(ञ) Adjunct को रुपमा चिनी मिसाउन पाइने छैन ।

(ट) बियर उत्पादन गर्दा Alcohol Technologist वा Food Technologist ले Quality Assurance गरी उत्पादन गर्नु पर्नेछ ।

CamScanner

४. **वातावरणीय प्रभाव सम्बन्धी प्रावधान**

(क) माइक्रोब्रुअरी स्थापना पूर्व प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट IEE प्रतिवेदन स्वीकृत गराउनुपर्नेछ।

(ख) माइक्रोब्रुअरीबाट निस्कासन हुने तरल पदार्थ (Effluent) लाई पूर्णरुपमा Treatment गरी विसर्जन गर्नुपर्नेछ।

(ग) माइक्रोब्रुअरीबाट निस्कासन हुने ठोस पदार्थ (Solid Waste) लाई विसर्जन गर्ने उपयुक्त संयन्त्र अबलम्बन गर्नुपर्नेछ।

(घ) नेपाल सरकारले समय समयमा तोकेका वा तोकिने वातावरणीय मापदण्ड पूर्ण रुपमा पालना गर्नुपर्नेछ।

(ङ) उद्योग दर्ता गर्दा सम्बन्धित निकायले माइक्रोब्रुअरीबाट हुने वातावरणीय प्रभाव (Environmental Impact) र त्यसको न्यूनीकरण सम्बन्धी Mitigation Measures पर्याप्त र प्रभावकारी (Adequate and Effective) व्यवस्था हुने गरी प्रस्तावकबाट प्रतिवद्धता सहितको Environmental Mitigation Plan पेश गर्न लगाउनु पर्नेछ।

(च) उद्योग दर्ता गर्दा पेश गरेको Environmental Mitigation Plan शर्तको रुपमा लागू हुने हुनेछ।

५. **कर निर्धारण तथा संकलनको विषय**

कर निर्धारण तथा सङ्कलन नेपाल सरकार अर्थ मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

६. **अनुमति तथा दर्ता प्रकृया:**

(क) बोर्डले जनघनत्त्व, पर्यटकको उपस्थिति, व्यवसायिक महत्व हेरी निश्चित स्थानमा मात्र माइक्रोब्रुअरी सहितको रेष्टुरेन्ट संचालनको अनुमति प्रदान गर्नेछ।

(ख) माइक्रो ब्रुअरी स्थापनाको अनुमतिको निवेदन दिंदा रु १० लाख धरौटी वापत जम्मा गर्नु पर्नेछ। उक्त धरौटी इजाजत प्राप्त नभएमा वा उद्योगले व्यसायिक उत्पादन गरे पश्चात मात्र फिर्ता गर्ने हुनेछ।

(ग) अनुमति प्राप्त व्यक्ति वा उद्योगले व्यवसायिक उत्पादन गरेको २ वर्षसम्म कम्तिमा ५० प्रतिशत शेयर कायम रहेको हुनु पर्नेछ।

(घ) माइक्रो ब्रुअरीले अनुमति लिएको २ वर्ष भित्र व्यवसायिक उत्पादन गरि सक्नु पर्नेछ।

(ङ) Bottling गरी व्यापारिक उत्पादन गर्न एवं अन्यत्र विक्री वितरण गर्न पाइने छैन।

(च) प्रचलित कानूनमा ब्रुअरी उद्योगले पालना गर्नुपर्ने ब्यवस्था माइक्रो ब्रुअरीको हकमा पनि लागू हुनेछ।

(छ) माइक्रोब्रुअरी उद्योग प्रत्यक्ष विदेशी लगानीमा संचालन गर्न नपाईने।

७. **अनुमति तथा मापदण्ड कार्यान्वयन**

माइक्रोब्रुअरी स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा तोकिने मापदण्ड तथा नेपाल सरकारको बियर उद्योगसँग सम्बन्धित नीति, नियम र कानूनको परिपालना सम्बन्धमा नियमित अनुगमन गर्न निम्नुसारको संयुक्त अनुगमन टोलिको गठन गरिनु उपयुक्त हुनेछः-

CamScanner

| | |
|---|---|
| संयोजक | उप-सचिव, वातावरण शाखा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय। |
| सदस्य | शाखा अधिकृत, आन्तरिक राजश्व विभाग वा विभागले तोकिएको। |
| सदस्य | शाखा अधिकृत, योजना अनुगमन वा अनुमति तथा दर्ता शाखा, उद्योग विभाग |
| सदस्य-सचिव | प्रविधि तथा वातावरण शाखा, उद्योग विभाग। |

CamScanner